"पर्यटन, कृषि र प्राकृतिक सौन्दर्यको शहर, सांस्कृतिक तारकेश्वर नगर"

# तारकेश्वर नगर गतिविधि

तारकेश्वर नगरपालिकाबाट प्रकाशित बुलेटिन

वर्ष-२ अङ्क-३ श्रावण २०७८

## निशुल्क आयुर्वेद शिविर








२०७८ साल असार ३० गते बुधबारका दिन जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र काठमाडौंको प्राविधिक सहयोग तथा तारकेश्वर नगरपालिकाको संयोजनमा निशुल्क आयुर्वेद उपचार शिविर सञ्चालन गरियो । उक्त निशुल्क आयुर्वेद शिविरको नगर प्रमुख रामेश्वर बोहराले उद्घाटन गर्नु भएको थियो। उक्त शिविरमा स्वास्थ्य जाँच गर्नुको साथै विरामीहरूलाई निशुल्क औषधी वितरण गरिएको थियो । उक्त शिविरमा ४५० जनाले स्वास्थ्य जाँच गराएका थिए।

## नवौं नगर सभा सम्पन्न

तारकेश्वर नगरपालिकाको नवौं नगर सभा मिति २०७८।०३।०९ गतेका दिन बागमती प्रदेशका माननीय सांसद प्रकाश श्रेष्ठको प्रमुख आतिथ्यतामा उद्घाटन सत्र शुरु भै सम्पन्न भयो। कोराना महामारीको वीचमा सुरु भएको नवौं नगर सभामा जनप्रतिनिधिहरु, कर्मचारीहरु, आमन्त्रित राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, पत्रकारहरु सम्पूर्णको एन्टिजिन टेष्ट गरेर नेगेटिभ आएपछि मात्र सभा हलमा प्रवेश गर्ने प्रवन्ध मिलाइएको थियो। सो अवसरमा नगर प्रमुख रामेश्वर बोहराले आगामी वर्षको मुख्य मुख्य नीति माथि प्रकाश पार्नु भएको थियो भने नगर उपप्रमुख भवानी डोटेल धितालले नीति, कार्यक्रम तथा वजेट प्रस्तुत गर्नु भएको थियो। उक्त नगर सभाको उद्घाटन सत्रको स्वागत भाषण प्रमुख प्रशासकीय अधिकृत शिव प्रसाद लम्सालले गर्नु भएको थियो भने धन्यवाद ज्ञापन वडा नं. ६ का वडा अध्यक्ष मधु कार्कीले गर्नु भएको थियो।

आगामी आर्थिक बर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु.२ अर्ब ३८ करोड ४५ लाख ७७ हजार रुपैयाँ विनियोजन गरिएको छ। कुल विनियोजन मध्ये चालू तर्फ रु.७० करोड ४७ लाख २१ हजार अर्थात २९.५५ प्रतिशत, पुँजीगत तर्फ रु.१ अर्व ६७ करोड ९८ लाख ५६ हजार रुपैयाँ अर्थात ७०.४५ प्रतिशत रहेको छ। चालु आ.व. २०७७/०७८ मा नगरपालिकाबाट सम्झौता भई सम्पन्न हुन बाँकी र सम्झौता नभएका पूर्वाधार तथा अन्य क्षेत्रगत तर्फका योजनाहरुको विनियोजित पूँजीगत बजेट समेत यसै आर्थिक वर्षमा समेटिएको हुँदा वजेटको आकार बढेको व्यहोरा समेत सभा समक्ष जानकारी गराइएको थियो।



**प्रमुख संरक्षक**

नगरप्रमुख रामेश्वर वोहरा

**संरक्षक**

नगर उपप्रमुख भवानी डोटेल धिताल

**सल्लाहकार**

प्रमुख प्रशासकीय अधिकृत

शिव प्रसाद लम्साल

**सम्पादक मण्डल**

**संयोजक**

होमनाथ न्यौपाने

अधिकृतस्तर दशौं

**सदस्यहरू**

शम्भुप्रसाद पौडेल

अधिकृतस्तर आठौं

तिर्थराज थापा मगर

अधिकृतस्तर सातौं

रचना शर्मा पन्थी

अधिकृतस्तर छैटौं

नरहरि गौतम

अधिकृतस्तर छैटौं

सूचना प्रविधि अधिकृत

**प्रकाशक**

तारकेश्वर नगरपालिका

धर्मस्थली, काठमाडौं



फोन नं. ०१-५१६८१११, ०१-५१६८२२७

०१-५१५८१२३, ०१-५१६८०५७

Website: tarakeshwormun.gov.np

Email: tarakeshwormun2071@gmail.com

Facebook Page: हेलो तारकेश्वर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

धर्मस्थली, काठमाडौं


# रक्तदान कार्यक्रम सम्पन्न









कोराना भाइरसले देश नै आक्रान्त भइरहेको बेला विरामीले रगतको अभावमा समेत जीवन गुमाउनु परिरहेकाले रगतको अभावमा कसैले पनि ज्यान गुमाउन नपरोस भनी नगरपालिकाले विभिन्न संघ संस्थाको सहयोगमा नगरपालिकाका ११ वटा वडामा रक्तदान कार्यक्रम राखी रगत संकलन गरियो। मिति २०७८।२।२२ गते शहरी स्वास्थ्य केन्द्र-११ बाट सुरु भई, मिति २०७८।०३।२६ गतेका दिन वडा नं ४ मा रक्तदान गरेर रक्तदान कार्यक्रम समापन गरियो । उक्त अवसरमा नगरप्रमुख रामेश्वर बोहरा, प्रमुख प्रशासकीय अधिकृत शिवप्रसाद लम्साल लगायत नगरपालिकाका कर्मचारीहरुले समेत रक्तदान गर्नु भएको थियो।

११ वटा वडामा ५३८ पोइन्ट रगत संकलन भयो भने समापनको दिन वडा न ४ मा ७० जनाले रक्तदान गर्नु भयो।

## वडागत रगत संकलन विवरण

| वडा नं | स्थान | संकलित मिति | संकलित रगत (PINTS) |
|---|---|---|---|
| १ | बालकुमारी मा.वि साङला | २०७८।०३।१९ | ३६ |
| २ | काभ्रेस्थली स्वास्थ्य चौकी | २०७८।०२।२९ | २६ |
| ३ | कालिका मा.वि | २०७८।०३।०५ | ३३ |
| ४ | गुह्यश्वरी मन्दिर | २०७८।०३।२६ | ७० |
| ५ | नागार्जुन मा.वि | २०७८।०३।०२ | ५३ |
| ६ | सनफाल्वर स्कूल, पैयाटार | २०७८।०३।१२ | ५० |
| ७ | फुटुङ्ग मा.वि., फुटुङ्ग चौर | २०७८।०३।२३ | २६ |
| ८ | नवशान्ति युवा क्लब शान्तिटोल | २०७८।०२।२६ | ४८ |
| ९ | मनमैजू मा.वि | २०७८।०३।१६ | ४० |
| १० | लोकतान्त्रिक चोक | २०७८।०२।२९ | १२६ |
| ११ | शहरी स्वास्थ्य केन्द्र-११ | २०७८।०२।२२ | ३० |
| **जम्मा** | | | **५३८** |

# विभिन्न संघ संस्थाले नगरपालिकालाई उपलब्ध गराएको नगद र स्वास्थ्य सामग्रीको विवरण

कोभिडको महामारीका कारण जनजीवन अस्तव्यस्त भएकाले विरामीहरुको सहयोगको लागि यस नगरपालिकासँग हातेमालो गर्दै विभिन्न संघसंस्थाले नगरपालिका मार्फत विभिन्न सहयोग गर्न तत्परता देखाएर सहयोग गर्नु भयो। विभिन्न संघ संस्थावाट गरिएको सहयोगको विवरण निम्नानुसार रहेको छ।

| क्र.सं. | संस्थाको नाम | सहयोग गरिएको रकम/सामग्रीहरु |
|---|---|---|
| १ | Himal Environment & Climate Action Foundation (HECAF 360) | Single Use Protective Clothing for Medical -80 pcs<br>Face shield -40 pcs<br>Medical Eye Protection (Googles) -40 pcs<br>Medical Protective Face Mask -40 pcs<br>Medical Cap -80 pc<br>Disposable Medical Surgical Face Mask -1000 pcs |
| २ | छायाँ नेपाल संस्था, गोगंबु काठमाण्डौ | PPE Set -25 set<br>Surgical Mask -10 box<br>Digital Thermometer -5 pcs<br>Pulse Oximeter -5 pcs<br>Gloves -2 box<br>KN 95 Mask -100 pcs<br>Sanitizer -10 ltr |
| ३ | सामुदायिक सेवा केन्द्र | रकम रु. ५८,०००।- |
| ४ | लायन्स क्लब र लियो क्लब | Oxygen concentrator -4, Oxygen flow regulator -15, oximeter -5, bed -2, euroguard -1 pcs |
| ५ | Lions Club of 325-B1 Nepal | Pulse Oxymeter -5 pcs<br>YSK 5FW Medical Oxygen Generator -4 pcs<br>Oxygen Regulator -15 pcs<br>Folding Bed (Patient Bed) -2 pcs<br>Euroguard -1 pcs |
| ६ | NRAA–Korea | Pulse Oxymeter -15 than<br>Mask KN 95 -100 than |
| ७ | Good Neighbors International | Oxygen Flow Meter -10 pcs<br>Oxygen Mask -20 pcs<br>Venturi Faces Masks -20 pcs<br>Reservoir Bag Masks -40 pcs<br>PPE Set -75 pcs<br>Disinfectant Hypoclorous Acid -25 pcs<br>Pulse Oximeter -10 pcs |
| ८ | एक्सपोर्ट एजुकेशन एन्ड मिजा सर्भिसेज प्रा.ली | Oxygen Concentrator -10 ltr |
| ९ | Lele Community Development Center | Hand washing Installation -1 pcs |

# महिला, बालबालिका तथा समाज कल्याण शाखाबाट गरिएका कार्यहरू

महिला बाललालिका तथा समाजकल्याण शाखाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिका क्षेत्रमा यस आ.व. ०७७।०७८ मा नगरपालिकाको स्वीकृत वजेट रु.४५ लाख संघ र प्रदेशबाट प्राप्त ससर्त ११ लाख ९९ हजार गरी जम्मा ५६ लाख ९९ हजार बाट विभिन्न कार्यक्रम संचालन गरियो।

यस अर्थिक वर्षमा महिलाहरुको आर्थिक सशक्तिकरणका लागि विभिन्न आर्यमुलक शिप कार्यक्रम (अचार वनाउने, सावुनको भोल वनाउने, क्रिष्टलको गहना बनाउने) कार्यक्रम संचालन गरी व्यवसायी उद्यमी महिलाहरु तयारी भएका छन। बालबालिकाहरुको हकहित संरक्षणको लागि बालविवाह न्यूनिकरण सम्वन्धि होडिङ्वोर्ड, बालमैत्री स्थानीय शासन सुचक सम्वन्धी होडिङ्वोर्ड विद्यालय, वडा कार्यालय तथा सार्वजनिक स्थानमा राखिएको छ। अपाङ्गता भएका व्यक्तिको संरक्षणका लागि अपाङ्ग दिवशको उपलक्ष्यमा ८८ जनालाई संस्थामा कार्यक्रमको आयोजना गरी आधारभुत आवश्यकताका सामग्री वितरण गरियो भने राज्यले दिने सेवासुविधाका बारेमा सन्देश प्रसारण गरिएको थियो। नगरपालिका क्षेत्रभित्र रहेका बालगृहहरुको अनुगमन, नियमन गरी मापदण्ड अनुसार संचालन गर्ने गराउने कार्य गरिएको छ। ज्येष्ठ नागरिकको हकहित संरक्षणको लागि तारकेश्वर नगरपालिकाका सवै वडाहरुमा वडा ज्येष्ठ नागरिक (मिलन चौतारी) समिति संचालन, तारकेश्वर नगरपालिकाका ७० वर्ष माथिका १६०७ जना ज्येष्ठ नागरिकहरुलाई वडा वडामा गएर न्यानो कपडा वितरण तथा सम्मान कार्यक्रम संचालन गरिएको थियो। कोभिडको समयमा विभिन्न अपाङ्गता भएका व्यक्ति रहको संस्थामा मनोसामाजिक विर्मश गरिएको थियो। विपत्तमा रहेको बालबालिकाहरुको उद्धार र व्यवस्थापन गरिएको थियो भने हाल सम्म १४५५ जना ज्येष्ठ नागरिकलाई र १०५ अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण गरिएको छ।

# आ.व. २०७७।०७८ को क्षेत्रगत बजेट तथा खर्च विवरण

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६,९०,६९,२०० | ४,४७,७७,९५४ | ६४.८३ |
| १.१ | कृषि | १,०२,१९,२०० | ७०,७०,९०१ | ६९.१९ |
| १.२ | उद्योग | २५,००,००० | १९,१६,३२९ | ७६.६५ |
| १.३ | पर्यटन | २,८३,५०,००० | १,५४,३५,००० | ५४.४४ |
| १.४ | जलश्रोत तथा सिंचाई | २,१४,००,००० | १,४७,१०,६४५ | ६८.७३ |
| १.५ | पशुपन्छी विकास | ४५,००,००० | ३९,२५,३३९ | ८७.२३ |
| १.६ | भूमि व्यवस्था | १४,००,००० | १०,६२,६४० | ७५.९ |
| १.७ | वाणिज्य | १,००,००० | १,००,००० | १०० |
| १.८ | आपूर्ति | ६,००,००० | ५,५७,१०० | ९२.८५ |
| २ | सामाजिक विकास | ४२,७२,५८,००० | ३३,१३,११,१९९.५० | ७७.५४ |
| २.१ | शिक्षा | २३,५९,६६,००० | २१,८१,२६,९३० | ९२.४४ |
| २.२ | स्वास्थ्य | ९,१२,४९,००० | ६,१४,५९,५८७.५० | ६७.३४ |
| २.३ | खानेपानी तथा सरसफाई | २,७९,००,००० | १,१७,८७,१७५ | ४२.२५ |
| २.४ | भाषा तथा संस्कृति | २,८४,६०,००० | १,६१,९०,१६२ | ५६.८९ |
| २.५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २,६४,५०,००० | १,००,५०,५७० | ३८ |
| २.६ | युवा तथा खेलकुद | ९९,५०,००० | ७३,०१,६३० | ७३.३८ |
| २.७ | सामाजिक सुरक्षा तथा संरक्षण | ७२,८३,००० | ६३,९५,१४५ | ८७.८१ |
| ३ | पूर्वाधार विकास | १,२२,९६,५५,००० | ७९,८०,७३,८८१.८२ | ६४.९ |
| ३.१ | यातयात पूर्वाधार | १,०५,५०,४२,००० | ६८,३०,३२,८८०.८२ | ६४.७३ |
| ३.२ | भवन, आवास तथा सहरी विकास | १३,२३,८५,००० | ९,६०,६७,५६१ | ७२.५६ |
| ३.३ | उर्जा | १,८६,९७,००० | १,४९,९९,७०० | ८०.२३ |
| ३.४ | संचार तथा सूचना प्रबिधि | ३३,००,००० | १३,६७,७५५ | ४१.४५ |
| ३.५ | सम्पदा पूर्वाधार | १,८२,३१,००० | २५,३८,९२० | १३.९३ |
| ३.६ | बिज्ञान तथा प्रबिधि | ३,००,००० | ६७,०६५ | २२.३६ |
| ३.७ | पुननिर्माण | १७,००,००० | ० | ० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ५,२८,३०,००० | २,५२,३५,०१७ | ४७.७७ |
| ४.१ | बन | ९८,७०,००० | ० | ० |
| ४.२ | वातावरण तथा जलवायु | ७१,००,००० | ५१,९३,८९० | ७३.१५ |
| ४.३ | विपद व्यवस्थापन | २,५३,६०,००० | १,७२,३७,२२५ | ६७.९७ |
| ४.४ | शान्ति तथा सुव्यवस्था | ५०,००,००० | २८,०३,९०२ | ५६.०८ |
| ४.५ | कानून तथा न्याय | १०,००,००० | ० | ० |
| ४.६ | शासन प्रणाली | ५,००,००० | ० | ० |
| ४.७ | श्रम तथा रोजगारी | ४०,००,००० | ० | ० |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | २७,८१,४९,०९० | २१,०६,९१,६०३.२८ | ७५.७५ |
| ५.१ | कार्यालय संचालन तथा प्रशासनिक | २७,८१,४९,०९० | २१,०६,९१,६०३.२८ | ७५.७५ |
| **कुल जम्मा** | | २,०५,६९,६१,२९० | १,४१,००,८९,६५५.६० | ६८.५५ |

# कोभिड १९ र अनलाइन शिक्षा

कोभिड १९ को महामारीले विश्वलाई नै हरेक क्षेत्रमा अस्तव्यस्त वनायो भने शिक्षा क्षेत्रलाई समेत यसले अछुतो राखेन । हाम्रो देश नेपालमा प्राय सबै शिक्षण संस्थाहरुलाई यस महामारीले प्रत्यक्ष असर पार्यो । शैक्षिक सत्र २०७७ मा तारकेश्वर नगरपालिकाका संस्थागत र सामुदायिक विद्यालयमा पूर्व प्राथमिक तहदेखि १२ कक्षा सम्म अध्ययनरत ३०४६३ विद्यार्थीहरु धेरै जसो समय अनलाईन तथा वैकल्पिक माध्यमवाट नै पठनपाठन अगाडी बढाउन वाध्य भए । प्रविधिसँग भिज्न नसकेका कतिपय शिक्षकहरुलाई शिक्षण सिकाइ क्रियाकलाप अगाडी बढाउन निकै नै मेहनत गर्न पर्यो, शिक्षकहरुको मेहनत, परिश्रमले शिक्षा क्षेत्रको अपूरणीय क्षतिलाई कम गर्न भने धेरै मद्दत गर्यो ।

शैक्षिक सत्रको बीचमा महामारी केही कम भएको अवस्थामा स्थानीय तहले स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाई भौतिक रुपमा पनि कक्षा संचालन गर्न सकिने निर्देशन भए अनुसार नगर शिक्षा समितिले निर्णय गरी आलोपालो र बिहान बेलुका २ सिफ्टमा भौतिक रुपमा कक्षा सञ्चालन गर्न सकिने निर्णय भए वमोजिम मंसिर २१ गतेवाट आंशिक रुपमा विद्यालयका ढोकाहरु खुले । तर पनि यस्तो अवस्था धेरै समय रहन सकेन २०७८ साल लाग्दा नलाग्दै विद्यालयहरु बन्द गरी उही वैकल्पिक विधि तथा अनलाईनमा फर्कन बाध्य भयौं । २०७८ को शैक्षिक सत्र शुरु भए संगै असार १ गते देखि पुनः वैकल्पिक विधिबाटनै शिक्षण सिकाइ क्रियाकलाप अगाडी बढाई राखिएको छ । यो महामारीले शिक्षा क्षेत्रलाई तहस नहस नै बनाए पनि यस्तो परिस्थितिले उब्जाएको सकरात्मक पक्ष भने शिक्षक विद्यार्थीहरुलाई प्रविधिसँग एकाकार हुन सिकायो । अब पनि विद्यालय भौतिक रुपमा कहिले खुल्ने भन्ने निश्चित छैन कोभिड १९ को तेस्रो भेरिएन्टको हल्ला पनि त्यत्तिकै चलिरहेको छ । यस्तो अवस्थामा नगरपालिका तथा विभिन्न संघ संस्थावाट संचालन गरिएका अनलाईन तालिमको भरपुर उपयोग गरी शिक्षण सिकाइ क्रियाकलाप अगाडी बढाउनु अपरिहार्य देखिएको छ ।

# व्यक्तिगत घटना दर्ता शिविर कार्यक्रम





जन्म, मृत्यु जस्ता मानवीय जीवनका अभिन्न व्यक्तिगत घटना दर्तालाई शत प्रतिशत पुऱ्याउन नेपाल सरकारले गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई पूरा गर्न नीति तथा कार्यक्रममा समावेश भए अनुरुप २०७८ बैशाख १ देखि १६ गते सम्म राष्ट्रव्यापी रुपमा घटना दर्ता अभियान शिविर संचालन गर्न नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको निर्देशन बमोजिम यस तारकेश्वर नगरपालिकामा समेत घटना दर्ता शिविर सञ्चालन भएको र सो दर्ता शिविर यस नगरपालिकाका ११ वटा वडाहरुमा नै संचालन गरियो।

उक्त दर्ता शिविर सफलताका साथ संचालन गरी दर्ता हुन आएका घटना दर्ता विवरणहरु यसप्रकार रहेका छन।

| वडा नं | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जन्म दर्ता | २९ | १८ | २३ | १ | १० | ९ | ५ | ११ | १ | ५ | ३ |
| मृत्यु दर्ता | ५ | ४ | ४ | ० | १ | २ | ० | १ | ० | २ | ० |
| सम्बन्ध विच्छेद | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विवाह दर्ता | ६ | २ | ६ | ० | ४ | ३ | ३ | २ | ० | १ | ४ |
| बसाईसराई | ० | ० | ० | ० | १ | ० | ० | ० | ० | १ | ० |
| जम्मा | ४१ | २६ | ३६ | ५ | २१ | २० | १५ | २२ | १० | १९ | १८ |
| | २३३ | | | | | | | | | | |

# आ.व. २०७७/०७८ को शाखागत आर्थिक प्रगति विवरण

(रू. हजारमा)

| क्र. सं. | शाखा | सशर्तको बजेट | खर्च | प्रतिशत | न.पा.कोषको बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षा शाखा | २४४३०० | २२८७०४ | ९३.६२ % | ९५१६ | ६५४८ | ६८.८१ % |
| २ | कृषि विकास शाखा | १८५३९ | ३२४४ | १७.४९ % | ५००० | ३४८२ | ६९.६४ % |
| ३ | पशु सेवा शाखा | १७०० | १७०० | १०० % | ४५०० | ३७२५ | ८२.८ % |
| ४ | महिला, बालबालिका तथा समाज कल्याण शाखा | ११९६ | १०९६ | ९१.६४ % | ४५०० | ३१७२ | ७०.४९ % |
| ५ | स्वास्थ्य शाखा | २८०१५ | २७१३१ | ९३.७२ % | ८५०० | ८५०० | १०० % |
| ६ | उद्यम विकास कार्यक्रम | २५०० | १९६० | ७८.४० % | २१ | २१ | १०० % |
| ७ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ७२८३ | ६३९३ | ८७.७८ % | ० | ० | ० |

# तारकेश्वर नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को मुख्य मुख्य नीतिहरू

- मूल सडकहरुलाई कालो पत्रे गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखी बजेट विनियोजन गरिनेछ।
- नगरपालिकाको मूल सडकहरुमा क्रमशः सडक बत्तीको व्यवस्था गरी नगर उज्यालो कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न घुम्ती माटो परीक्षण शिविर संचालन गरिनेछ।
- नगरपालिकालाई दुधमा आत्मनिर्भर बनाउनका लागि पशुपालक कृषकहरुको गाई, भैंसी व्यवसायका लागि गोठ सुधार कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- आगमी आ.व.मा उत्पादनमूखी, सेवामूखी र बहुउद्धेश्यीय सहकारीको नयाँ दर्ता गर्ने कार्यको थालनी गरिनेछ।
- महिला, दलित तथा अपाङ्गता भएका व्यक्तिहरुबाट सञ्चालित उद्योग व्यवसायहरुलाई सुदृढीकरण गर्न विशेष कार्यक्रम ल्याईनेछ।
- कोरोना भाईरस (कोभिड-१९) लगायत महामारी जन्य रोगहरु रोकथाम र नियन्त्रण गर्न खोप लगायतका विशेष कार्यक्रम संचालन गरिनेछ।
- साङ्गला प्राथमिक स्वास्थ्य केन्द्रमा संचालन भएको आईसोलेशन केन्द्रलाई चिकित्सक, स्वास्थ्यकर्मीहरु लगायतका जनशक्ती र भौतिक पूर्बाधार सहित स्तोन्नती गरिदैं लगिनेछ।
- नगरपालिकाबाट संचालित एम्बुलेन्स सेवालाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ।
- आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवाको पहुँचलाई सुनिश्चितता गर्न नगरपालिकामा रहेको आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवालाई प्रभावकारी बनाउन आवश्यक कार्यक्रमहरु ल्याईनेछ।
- दलित विद्यार्थीको शिक्षामा पहुँच वृद्धि गर्नका लागि कक्षा १० सम्म अध्ययनरत दलित विद्यार्थीहरुलाई निःशुल्क पोशाकको व्यवस्था गरिनेछ।
- टेलिफोनको पहुँच भएका विद्यार्थीहरुको लागि सिकाई सहजीकरण गर्न सजिलो होस भनी शिक्षण कार्यमा संलग्न शिक्षक कर्मचारीहरुलाई न्यूनतम १०० दिन निःशुल्क टेलिफोन सुविधा उपलब्ध गराउने व्यवस्था मिलाईने छ।
- लैङ्गिक हिंसा तथा घरेलु हिंसा विरुद्ध विभिन्न सरोकारवाला निकाय, संस्था र नगरपालिकाको आयोजनामा विभिन्न कार्यक्रम संचालन गरी हिंसामुक्त नगरपालिका बनाईनेछ।
- अपाङ्गता भएका व्यक्तिहरुको हक हितको सुरक्षा, सम्मान र प्रत्याभूति दिलाउन क्षमता विकास तथा सीप विकास कार्यक्रमहरु संचालन गरिनेछ।
- पूर्वाधार विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरणको अवधारणालाई आत्मसात गरिनेछ।
- प्रत्येक वडाको सार्वजनिक स्थानमा सार्वजनिक शौचालय क्रमशः निर्माण गर्दै लगिनेछ।
- नगरपालिकाबाट भए गरेका बिकासका गतिबिधिहरु समेटी ब्रोसर, बुलेटिनहरु नियमित रुपमा प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- नगरपालिकाको कार्य प्रकृति, कार्यबोझ र औचित्यताको आधारमा आवश्यक जनशक्ति आँकलन सम्बन्धमा अध्ययन, अनुसन्धान र विश्लेषण गरी प्राप्त सङगठन तथा व्यवस्थापन परीक्षण प्रतिवेदनको कार्यान्वयनलाई अघि बढाईनेछ।
- जनप्रतिनिधि तथा कर्मचारीलाई उत्प्रेरीत गर्न तथा मनोबल बढाउन अध्ययन अवलोकन भ्रमणका कार्यक्रमहरु ल्याईनेछ ।
- नगरपालिकाको कर प्रशासनलाई कर प्रतिको सकारात्मक धारणा अभिवृद्धी गराउन आवश्यक कार्यक्रम संचालन गरिनेछ।
- नगरपालिकाबाट जारी भएका कानूनहरुको संग्रह पुस्तिका प्रकाशन गरिनेछ ।
- नगरपालिकाको न्यायिक सम्पादन कार्यलाई अझै प्रभावकारी र व्यवस्थित बनाउनका लागि सफ्टवेयर संचालनमा ल्याईनेछ। साथै वडास्तरीय मेलमिलाप केन्द्रहरु स्थापना गर्दै लगिनेछ।
- सडक तथा अन्य पूर्वाधारको मर्मत सुधार तथा स्तरोन्नति गर्न "मर्मत सम्भार कोष" स्थापना गरी सो कोष परिचालनका लागि आवश्यक कार्यविधि बनाई लागु गरिनेछ।
- कोरोना भाइरसका कारण खस्किएको पर्यटन क्षेत्रलाई जीवन्तता दिन धार्मिक, सांस्कृतिक, शैक्षिक लगायतका क्षेत्रसँग सम्बन्धित आन्तरिक पर्यटन प्रबर्द्धन गर्ने नीति लिइनेछ। यसका लागि नगरस्तरीय पर्यटन प्रवर्द्धन बोर्ड गठन गरी कार्य अघि बढाईनेछ।
- आवश्यकता अनुसार सहकारीहरुलाई क्रमशः एकीकरण गर्दै लैजाने नीति अबलम्बन गरी सहकारीहरुको अनुगमन, नियमन कार्य प्रभावकारी बनाइनेछ।
- गर्भवती महिलालाई निःशुल्क रुपमा प्रदान गरिँदै आएको क्याल्सियम ट्याब्लेट वितरणलाई निरन्तरता दिइनेछ।
- महिला, एकल महिला, दलित महिलाहरुको आर्थिक, सामाजिक र राजनीतिक सशक्तिकरणका लागि समुह, समिति, संस्था गठन, परिचालन, नेतृत्व, सचेतना र आयमूलक कार्यक्रमहरु संचालन गरी महिलाहरुलाई आत्मनिर्भर बनाईनेछ।
- बालमैत्री स्थानीय शासन सम्वन्धी नगर कार्ययोजनाको निर्माण गरी कार्यक्रमहरु संचालनमा ल्याईनेछ।
- दलित बर्गहरुको तथ्याङ्क संकलन गरी निजहरुको पेशा ब्यबसायलाई प्रोत्साहन गर्ने नीति लिईनेछ।
- आदिवासी, जनजाति, दलित र सिमान्तीकृत वर्गहरुको उत्थानको लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- नगर भित्र स्थायी रुपमा बसोबास गरेका शैक्षिक बेरोजगारहरुका लागि निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन गरिने साथै युवा लक्षित ड्राईभिङ्ग, मोवाईल मर्मत, कुक, वेटर लगायतका सीपमूलक तालिम संचालन गर्ने ब्यबस्था गरिनेछ।
- आवश्यकतानुसार विपद् ब्यबस्थापन गर्न उद्धार सामग्रीहरु भण्डारण गरिनेछ।
- निजी क्षेत्रको समन्वयमा फोहोरमैला व्यवस्थापन गरी आन्तरिक आय स्रोतको रुपमा विकास गरिनेछ।
- नगरक्षेत्र भित्र रहेका सार्वजनिक जग्गालाई हरियाली र आयका श्रोतको रुपमा विकास गर्न सामाजिक संघसंस्था तथा नगरवासीको संलग्नतामा फलफुलको बृक्षारोपण कार्यक्रमलाई अभियानको रुपमा संचालन गरिनेछ।
- कर प्रशासन सम्बन्धी प्रक्रियालाई अझैं सरल, प्रगतीशील, पारदर्शी र अनुमानयोग्य बनाइनेछ।
- करदाताहरुलाई समयमा नै कर तिर्ने वातावरण श्रृजना गर्नका लागि कर छुटको विशेष व्यवस्था गरिनेछ।
- न्यायीक समितीबाट भएका फैसला तथा निर्णयहरु वडासँग समन्वय गरी प्रभावकारी रुपले कार्यान्वयन गरिने नीति अवलम्बन गरिनेछ।

## आ. व. ०७७।०७८ को योजनाहरूको प्रगति विवरण

| सि. नं. | योजनाको किसिम | जम्मा योजना | सम्झौता भएका योजना | सम्पन्न योजना | सम्झौता हुन वाकी योजना | कुल योजनामध्ये सम्झौता भएका योजना प्रतिशतमा | प्रगति प्रतिशत | कुल योजना मध्ये सम्पन्न योजना प्रतिशतमा | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | वजेट रु. हजारमा | खर्च रु. हजारमा |
| १ | लागत साझेदारी योजना | ११५ | ९६ | ७४ | १९ | ८३.४८ | ७७.०८ | ६४.३५ | | |
| २ | नगरस्तरिय योजना | १७३ | १५८ | ११९ | १५ | ९१.३३ | ७५.३२ | ६८.७९ | | |
| ३ | वडास्तरिय योजना | २९१ | २१८ | १८५ | ७३ | ७४.९१ | ८४.८६ | ६३.५७ | | |
| ४ | क्रमागत योजना | २०३ | १८० | १५८ | २३ | ८८.६७ | ८७.७८ | ७७.८३ | | |
| ५ | मर्मत | २२ | १८ | १८ | ४ | ८१.८२ | १००.०० | ८१.८२ | | |
| ६ | संघीय समपूरक योजना | १ | १ | १ | ० | १००.०० | १००.०० | १००.०० | | |
| ७ | प्रदेश समपूरक योजना | १ | १ | १ | ० | १००.०० | १००.०० | १००.०० | | |
| ८ | प्रदेश सशर्त योजना चालु समेत | ५ | ५ | ५ | ० | १००.०० | १००.०० | १००.०० | १४१७२८३ | ८९१४६३ |
| ९ | प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम | १८ | १८ | १८ | ० | १००.०० | १००.०० | १००.०० | | |
| १० | स्थानीय पूर्वाधार विकास साझेदारी | ३३ | ३२ | ३१ | १ | ९६.९७ | ९६.८८ | ९३.९४ | | |
| ११ | सडक वोर्ड | २ | २ | १ | ० | १००.०० | ५०.०० | ५०.०० | | |
| १२ | वातावरण संरक्षण तथा हरित उद्यान कार्यक्रम (अन्तर सरकारी अख्तियारी) | १ | १ | १ | ० | १००.०० | १००.०० | १००.०० | | |
| १३ | पर्यटन पूर्वाधार विकास कार्यक्रम (सशर्त) | ३ | ३ | ३ | ० | १००.०० | १००.०० | १००.०० | | |
| १४ | युवा तथा खेलकुद | १ | १ | १ | ० | १००.०० | १००.०० | १००.०० | | |
| १५ | भौतिक पूर्वाधार विकास मन्त्रालय शसर्त अनुदान | १ | १ | १ | ० | १००.०० | १००.०० | १००.०० | | |
| | जम्मा | ८७० | ७३५ | ६१७ | १३५ | ८४.४८ | ८३.९५ | ७०.९२ | १४१७२८३ | ८९१४६३ |

## आ. व. ०७७।०७८ को कुल भौतिक प्रगति विवरण

| सि.नं. | भौतिक प्रगति | इकाई | परिमाण | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | वडास्तरीय | थप कार्यक्रम | नगर | स्था पू , प्र. पू. समपूरक | ठेक्का | |
| १ | वाटो ढलान | मि | ७६१० | ६९२ | २३१० | १५८५ | १६०९ | १३८०६ |
| २ | कालो पत्र | मि | १०८७ | ० | ० | ९२८ | २९९४ | ५००९ |
| ३ | ग्रावेल वाटो निर्माण | मि | ५८५६ | २४० | २१६३ | ६२२ | १३७६ | १०२५७ |
| ४ | व्लक विच्छाउने कार्य | मि | १४१२ | ४८३ | ५७१ | १०६९ | ० | ३५३५ |
| ५ | ढल राख्ने कार्य | मि | ७३३४ | ९६७ | १११८ | ३९० | १०० | ९९०९ |
| ६ | वाटो स्तरोन्नती | मि | ५९३१ | ७६६ | २८३७ | ७५६ | ० | १०२९० |
| ७ | खानेपानि पाइप लाइन विस्तार | मि | १०३२५ | ५४० | १४२४५ | ० | ० | २५११० |
| ९ | भोतिक संरचना निर्माण तथा सुधार | संख्या | ० | | | ० | ० | ० |
| ९.१ | पुलपुलेसा निर्माण | | ४ | ० | ३ | २ | ३ | १२ |
| ९.२ | पाटी पोवा चौतारा | | ६ | ० | ६ | १ | ० | १३ |
| ९.३ | विद्यालय भवन | | १ | ० | ० | २ | ० | ३ |
| ९.४ | सामुदायिक भवन | | ११ | ० | ८ | १ | ० | २० |
| ९.५ | मन्दिर | | ११ | २ | ८ | ४ | १ | २६ |
| १० | सार्वजनिक जग्गा संरक्षण | रोपनी | १ | १ | ० | ० | ० | २ |
| ११ | मेसिनरी वाल पहिरो संरक्षण | संख्या | ३७ | २ | १ | ० | ० | ४० |
| १२ | स्टिल रेलिङ | मि | १९९ | १०० | ० | ० | ० | २९९ |
| १३ | पोखरी | थान | ० | ० | १ | ० | ० | १ |
| १४ | भवन निर्माण संरक्षण | थान | ० | ० | ० | ० | २ | २ |
| १५ | डिमार्केशन वाल निर्माण | मि | ० | ० | ० | ० | ५६३८ | ५६३८ |

# साङ्ला प्राथमिक स्वास्थ्य केन्द्रमा आइसोलेसन केन्द्र संचालन





कोभिड १९ को दोस्रो चरणको कोरोना संक्रमण बढेसँगै नगर कार्यपालिकाको मिति २०७८।०१।२८ को निर्णयानुसार साङ्ला प्राथमिक स्वास्थ्य केन्द्रमा तत्काल २५ वेडको अक्सिजन सहितको आइसोलेसन वार्ड संचालन गर्ने निर्णय भएको थियो । ठूलठुला अस्पतालहरुमा समेत अक्सिजन र बेडको अभाव भई संक्रमितहरुको उपचार गर्न कठिन रहेको अवस्थामा नगरवासीहरुको लागि अक्सिजन सहितको आइसोलेसन वार्ड निर्माण गर्नु आफैमा चुनौतिपूर्ण भए पनि सम्पूर्ण कर्मचारी तथा जनप्रतिनिधिहरुको सक्रिय प्रयत्नवाट यो कार्य सफल हुन सक्यो । २०७८ असार मसान्तसम्म आइसोलेसन केन्द्रवाट १०५ जना विरामीहरुले अक्सिजन सहितको सुविधा लिए । अक्सिजन सहितको आइसोलेसन केन्द्रमा डिस्चार्ज भएर जाने विरामीहरुले आफुलाई अक्सिजन आवश्यक भएको अवस्थामा केन्द्रमा भर्ना भई निःशुल्क रुपमा अक्सिजन र औषधी प्राप्त गर्न सकेकोमा नगरपालिका प्रति आभार व्यक्त गरेका थिए । आइसोलेसन केन्द्रका विरामीहरुलाई निःशुल्क औषधी र खाना खाजाको व्यवस्थासमेत तारकेश्वर नगरपालिकाले गरेको थियो ।

### “धान उत्पादनमा वृद्धिः खाद्य सुरक्षा, आत्मनिर्भरता र समृद्धि”

# १८औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव, २०७८






“धान उत्पादनमा बृद्धिः खाद्य सुरक्षा, आत्मनिर्भरता र समृद्धि” मूल नाराका साथ यस वर्ष १८ औं राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव २०७८ मनाई धानको उत्पादन वृद्धि गरी यस बालीलाई राष्ट्रिय समृद्धि हासिलका लागि सहयोगी क्षेत्रको रुपमा स्थापित गर्न प्रत्येक वर्ष असार १५ गतेका दिन राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव मनाउने राष्ट्रिय प्रचलन रहेको हुँदा यस वर्ष विभिन्न सरोकारवालाहरुसँगको समन्वय र सहकार्य गरी हाल विश्वव्यापी महामारीको रुपमा देखिएको कोभिड-१९ को संक्रमणको जोखिमबाट सुरक्षित रहदै नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण पालनाकासाथ १८ औं राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव २०७८ नगरपालिकाका प्रमुख श्री रामेश्वर बोहोराज्यूबाट धान रोपेर हर्षोउल्लासका साथ नगरपालिकाले मनायो ।

राष्ट्रिय धान दिवस तथा रोपाईं महोत्सव नेपालमा वि.स. २०६१ साल देखि मनाउदै आईएको छ । नेपाल कृषि प्रधान देश भएकोले धानको विशेषत हाम्रो दैनिक जीवन, आर्थिक कृयाकलाप देखि राष्ट्रिय अर्थतन्त्रमा समेत विशेष महत्व रहेकोले यो दिवसले प्रत्येक कृषकलाई उत्साही गर्ने गरेको छ । मानो छरेर मुरी उब्जाउने भएकोले वर्षभरी आफुलाई खाने अन्नको जोहो गर्ने समेत भएको हुँदा किसानको मेहनतलाई पनि यसले दर्शाउने गरेको छ । असार १५ गते सदियौ देखिनै हिन्दु परम्परा र संस्कृति अनुसार आजको दिन दही चिउरा खाएर धान रोपेर मनाउने गरेको प्रचलन रहेको र यसले नेपाल र नेपालीको मनमा विशेष किसिमको ठाउँ ओगट्न सफल रहेको छ । धान, बालीहरुको प्रमुख बाली रहेकोले यसले हाम्रो संस्कृतिमा पनि विशेष महत्व राख्दछ र यो दिवसलाई विशेष महत्वका साथ मनाइने गरेको छ ।

यो दिवसलाई सफल पार्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने यसै नगरपालिका वडा नं. ५ दहाल थोकमा अवस्थित अङ्कित कृषि फर्म एवं सो फर्मका प्रोपाइटर श्री अनिल दहाल र समस्त परिवारलाई नगरपालिकाको तर्फबाट विशेष धन्यवाद दिइएको थियो ।